व्यवस्थापिका-संसद
अर्थ समिति

पूर्व बजेट छलफल

१) पृष्ठभूमि :

व्यवस्थापिका-संसद, अर्थ समितिको मिति २०७२।१२।०३ गते बसेको बैठकले आगामी आर्थिक वर्षमा पेश गरिने बजेटका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (पूर्व बजेट सम्बन्धमा) देशका विभिन्न जिल्लाहरुमा गई सम्बन्धित स्थानका राजनीतिक दलका प्रतिनिधिहरु, सरकारी कार्यालयका प्रमूखहरु, नागरिक समाजका प्रतिनिधिहरु, गैर सरकारी संघ संस्थाका प्रतिनिधिहरु एवं पत्रकारहरु, सहकारी संघ संस्थाका प्रतिनिधिहरु, महिला समूहका प्रतिनिधिहरु लगायत सरोकारवालाहरुसँग छलफल एवं अन्तरक्रिया गरी सो सम्बन्धमा नेपाल सरकार, अर्थ मन्त्रालयमा सुझाव दिनको लागि विभिन्न टोली गठन गरी स्थलगत भ्रमण गर्ने कार्यक्रम तय गरेको थियो ।

सोही कार्यक्रम अनुसार मिति २०७३।०२।०१ गतेदेखि २०७३।०२।०५ गतेसम्म इटहरी, ताप्लेजुङ्ग, सिन्धुपाल्चोक र दोलखा जिल्लाको सदरमुकाममा गई सरोकारवालाहरुसँग पूर्व बजेट सम्बन्धमा छलफल एवं अन्तरक्रिया गर्न अर्थ समितिका देहायका माननीय सदस्यहरु सहभागी रहनु भएको थियो :–

जिल्ला : सुनसरी (इटहरी) र ताप्लेजुङ्ग

१)	मा. श्री प्रकाश ज्वाला	– सभापति
२)	मा. श्री अब्दुल रज्जाक गद्दी	– सदस्य
३)	मा. श्री केदार प्रसाद संजेल	– सदस्य
४)	मा. श्री विक्रम पाण्डे	– सदस्य
५)	मा. श्री मनोहर नारायण श्रेष्ठ	– सदस्य
६)	मा. श्री श्रीप्रसाद जवेगु	– सदस्य
७)	मा. श्री रेवती रमण भण्डारी	–सदस्य
८)	मा. डा. सुबोध कुमार पोखरेल	– सदस्य
९)	मा. श्री हरिलाल ज्ञवाली	– सदस्य

सुनसरीको इटहरीमा भएको पूर्व बजेट छलफलका झलकहरु

ताप्लेजुङ्ग जिल्लामा भएको पूर्व वजेट छलफलका झलकहरु

जिल्ला : सिन्धुपाल्चोक र दोलखा

१) मा. श्री पुष्पलता लामा – सदस्य

२) मा. श्री मोहन प्रसाद बराल – सदस्य

३) मा. श्री विदुर प्रसाद सापकोटा – सदस्य

४) मा. श्री शेरबहादुर तामाङ्ग – सदस्य

सिन्धुपाल्चोक जिल्लाको चौतारामा भएको पुर्व बजेट छलफलका झलकहरु

उक्त दुबै टोलीहरुमा कार्यक्रम संचालन र व्यवस्थापनको लागि सचिवालयको तर्फबाट समिति सचिव श्री कृष्णहरि खड्का, क.अ.श्री लक्ष्मीदेवी भण्डारी र का.स.श्री बिन्दा कुमारी भट्टराई सुनसरी र ताप्लेजुङ्ग जिल्लामा, उपसचिव श्री दिनेश प्रकाश आचार्य, शा.अ. श्री बबिता मिश्र, सिन्धुपाल्चोक र दोलखा जिल्लामा सहभागिता रहेको थियो । भ्रमण टोलीले पूर्व बजेट सम्वन्धी कार्यक्रम निम्न अनुसार सम्पन्न गरेको थियो :–

सि .नं.	जिल्ला	स्थान	मिति
१	सुनसरी	इटहरी	२०७३/२/०१
३	ताप्लेजुङ्ग	ताप्लेजुङ्ग	२०७३/१/०३
२	सिन्धुपाल्चोक	चौतारा	२०७३/२/०२
४	दोलखा	चरिकोट	२०७३/१/०३

कार्यक्रममा भ्रमण टोलीमा सहभागी समितिका सभापति एवं सदस्यहरुवाट पूर्व वजेट कार्यक्रमको औचित्य र उद्देश्यको बारेमा प्रकाश पारी सहभागिहरुलाई ४ समूहमा विभाजन गरी प्रत्येक समूहलाई भिन्दा भिन्दै प्रश्न दिई समितिलाई दिने सुझावको सम्वन्धमा गहन र व्यापक छलफल गर्न लगाई प्रत्येक समूहका एक/एक जना सदस्यहरुवाट प्रस्तुतिकरण समेत गर्न लगाइएको थियो र प्रत्येक समूहमा समितिका सभापति, समितिका सदस्य र कर्मचारीहरु विभक्त भै उक्त कार्यको समन्वय र सहजिकरण गरिएको थियो । ती कार्यक्रमहरुबाट प्राप्त लिखित एवं मौखिक सुझावहरुलाई यस प्रतिवेदनमा समावेश गरिएको छ । समूह विभाजन र प्रत्येक समूहलाई दिइएको प्रश्न निम्न अनुसार रहेको थियो :–

सि.नं	सहभागी समूह	सहभागीहरुलाई दिइएको प्रश्न
(क)	राजनीतिक दलका स्थानीय प्रतिनिधि	१) सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु, २) सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु ।
(ख)	जिल्ला स्थित सरकारी कार्यालय प्रमुख एवं प्रतिनिधि	१) सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु, २) योजना कार्यान्वयन, पूँजीगत खर्च बृद्धि र आर्थिक अनियमितता नियन्त्रणका उपायहरु ।
(ग)	जिल्लास्थित नागरिक समाजका प्रतिनिधिहरु -प्राध्यापक, बुद्धिजीवी, उद्योगी, व्यापारी, महिला समूह/सञ्जालका प्रतिनिधी एवं पत्रकार	१) सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु, २) स्थानीय स्तरमा विकासका सम्भाव्यता, स्थानीय समस्या, आवश्यकता र समाधानका उपाय ।
(घ)	जिल्ला विकास समिति तथा नगरपालिका प्रमूख एवं प्रतिनिधीहरु र जि.वि.स., महासंघ, नगरपालिका संघ तथा गाउँ विकास समिति महासंघ र गैर सरकारी संघका प्रतिनिधि	१) सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु, २) स्थानीय तहका योजना तर्जुमा सहजीकरण तथा उपयुक्त जनसहभागितालाई प्रभावकारी बनाउने उपायहरु ।
(ङ)	सहकारी संघका प्रतिनिधि	१) सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु, २) सहकारी क्षेत्रमा विकासका समस्या र आगामी बजेटमा सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु ।

पूर्व वजेट छलफल कार्यक्रम
जिल्ला : सुनसरी

(क) राजनीतिक दलका स्थानीय प्रतिनिधिहरुबाट प्राप्त भएका सुझावहरुः

(आगामी बजेटका प्राथमिकता एवं बजेटले संवोधन गर्नुपर्ने विषयहरु :)

- मुलुकलाई लोड सेडिङ्गमुक्त बनाउन हाइड्रोपावर संचालन गर्नुपर्ने जस्तैः अरुण तेश्रो ।
- नयाँ राजमार्गको अवधारणा विकास गर्नुपर्ने । मध्य पहाडी लोकमार्ग, हुलाकी राजमार्ग, चुरे मार्ग र किमाथांका बाटो यथाशिघ्र निर्माण गर्नुपर्ने ।
- कृषिलाई प्राथमिकता दिई माटो परीक्षण अनुदान बजार व्यवस्था किसानको वर्गिकरण र प्रोत्साहन भत्ताको व्यवस्था गर्नुपर्ने ।
- सुनसरी जिल्लाको पर्यटनलाई प्रबर्द्धन गर्न धार्मिक पर्यटन बराह क्षेत्र, विजयपुर, रामधुनी लगायत बर्जु ताल र भेडेटारको पर्यटकीय विकास गर्नु पर्ने पर्यटन सूचना केन्द्र राखिनु पर्ने, यसको पूर्वाधार विकाससँग जोडिएका सुई खोला पुल लगायतका पूर्वाधार विकास गर्नु पर्ने ।
- भू-उपयोग नीति बनाई अविलम्व लागू गर्नुपर्ने ।
- स्थानीय निकायको निर्वाचन गर्ने ।
- आर्थिक वर्षको समयावधि परिवर्तन गर्ने ।
- संघीयता कार्यान्वयन गर्न प्राथमिकता दिनुपर्ने ।
- छुवाछुतमुक्त अभियान प्रभावकारी बनाउने ।
- सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी बनाइनु पर्ने र भत्ता रकम बृद्धि गर्नु पर्ने ।
- पछाडि पारिएका लिङ्ग, वर्ग, जाति, समुदाय क्षेत्रलाई प्राथमिकता दिनु पर्ने ।
- सुकुम्बासी समस्याको दिगो समाधान गरी अव्यवस्थित बस्तीलाई व्यवस्थित गर्नु पर्ने ।
- विधि र प्रक्रियाबाट छनौट गरिएका योजना कार्यान्वयन गर्नुपर्ने ।
- योजनाको प्रभावकारी कार्यान्वयन र भ्रष्टाचार अन्त्यका लागि प्रभावकारी अनुगमन/मूल्याङ्कन गर्ने ।

- स्वास्थ्य नीति तयार गरी क्यान्सर, मुटु र मृगौला रोगको निशुल्क उपचार गर्ने व्यवस्था गर्ने ।
- नदी नियन्त्रणको प्रभावकारी र एकिकृत योजना बनाउने ।
- सबै जिल्ला सदरमुकाम जोड्ने सडक निर्माण गर्ने ।
- स्वरोजगारमूलक बजेट निर्माण गर्ने ।
- मेघा प्रोजेक्टमा विदेशी पूँजी र प्रविधिको प्रयोग गर्ने ।
- कृषिमा प्रयोग हुने विद्युत सहुलियत दरमा उपलब्ध गर्नुपर्ने ।

(ख) जिल्लास्थित सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिहरुबाट प्राप्त भएका सुझावहरुः

(आगामी बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयहरु :)

- माध्यमिक तहसम्मको शिक्षा अनिवार्य गर्नुपर्ने । सो को लागि आवश्यक बजेट व्यवस्था गर्ने ।
- विषयगत रुपमा आवश्यक उच्च जनशक्तिको पहिचान गरी उत्पादन र व्यवसायिक रोजगारीमा जोड दिनुपर्ने ।
- स्वास्थ्य : आम नागरिकहरुलाई आधारभूत र स्वास्थ्योपचार गर्न सक्ने पूर्वाधारमा लगानी गरिनु पर्ने ।
- स्वास्थ्यकर्मीलाई सम्बन्धित क्षेत्रमा अनिवार्य रुपमा सेवा गर्ने वाध्यता गरी आकर्षित बजेटको व्यवस्था गर्ने ।
- भूमी सम्बन्धी : राष्ट्रिय भू-उपयोग नीति तुरुन्तै लागू गरी कृषि क्षेत्रलाई प्राथमिकता दिई अर्ग्यानिक उत्पादनको व्यवस्था गर्न बजेटको व्यवस्था गरिनु पर्ने ।
- कर्मचारीको बृत्ति विकासका लागि विभिन्न समयमा गठित आयोगहरुले प्रतिवेदनमा पेश गरेका सुझावलाई कार्यान्वयन गरिनु पर्ने । समय सापेक्ष पारिश्रमिक तलब भत्ता बृद्धि गरिनु पर्ने ।
- रोजागारीको सृजनाका लागि औद्योगिक वातावरणको प्रभावकारी र उचित पहिचान गरी उत्पादनमूलक र निर्यातमूलक वस्तुमा लगानी आकर्षित र भौतिक पूर्वाधारको व्यवस्थित गरिनु पर्ने ।
- कृषि उत्पादन बृद्धिका लागि सिँचाइ क्षेत्रमा लगानी बृद्धि गरी विद्युतीकरणको सुविधा व्यवस्थित गर्नु पर्ने ।
- औद्योगिकरणका लागि विद्युतीकरण, उत्पादन र बितरण प्रणालीको व्यवस्थामा प्राथमिकता दिइनु पर्ने ।

(योजना कार्यान्वयन, पूँजीगत खर्च बृद्धि र आर्थिक अनियमितता नियन्त्रणका उपायहरु :)

- सार्वजनिक निर्माण कार्यलाई र कार्यालयका कामलाई व्यवस्थित गर्न अनलाइन मार्फत टेण्डरको प्रक्रिया सबै ठाउँमा लागू गर्नुपर्ने ।

- जिल्लास्थित कार्यालयका अख्तियार प्राप्त अधिकारिलाई पूँजीगत र चालु बजेटको कार्यक्रम छनौट गरी वार्षिक रुपमा संचालन गरिने योजनालाई आवश्यक बजेटको व्यवस्था गरी कार्यक्रम स्विकृत गर्नुपर्ने ।
- खर्च बृद्धि गरी समयमै बजेट निकासा गर्नुपर्ने । तोकिएको सयममा र योजनाको काम सम्पन्न नगर्ने ठेकेदारको र जिम्मेवार निकायलाई उचित कार्यविधिको व्यवस्था गर्नुपर्ने । समय अगावै सम्पन्न गर्नेलाई पुरस्कारको व्यवस्था बजेट मै गरिनु पर्ने ।
- वैदेशिक श्रोतमा संचालित योजनाहरुको बजेट समयमै श्रोत फुकुवा हुनु पर्ने ।
- विकाससँग सम्बन्धित योजनाहरु समय मै कार्यान्वयन गर्न आवश्यक प्राविधिक जनशक्ति (प्राविधिक) समयमै व्यवस्थापन गरी सक्नु पर्ने ।
- आर्थिक अनियमितता नियन्त्रण गर्न अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था कडाइका रुपमा व्यवस्था गरिनु पर्ने ।
- आन्तरिक लेखापरीक्षण/आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउनु पर्ने ।
- विकास निर्माणका सबै कार्यहरुको सामाजिक लेखा परीक्षणलाई प्रभावकारी बनाइनु पर्ने ।
- अन्तिम लेखापरीक्षणलाई प्रभावकारी बनाई लेखा परीक्षणले दिएका सुझावलाई लागू गरिनु पर्ने ।

(ग) सहकारी संघका प्रतिनिधिहरु, प्राध्यापक, बुद्धिजीवी, उद्योगी, व्यापारी, महिला समूह/सञ्जालका प्रतिनिधि एवं पत्रकारहरुबाट प्राप्त सुझावहरु :

- शैक्षिक प्रमाणपत्र धितोको कार्यक्रम सहकारी संस्थाहरु मार्फत युवा तथा स्वरोजगार कोषसँग जोडेर लैजानु पर्ने ।
- उर्जामा सरकारले बढी भन्दा बढी लगानी गर्ने नागरिकहरुको लगानीमा सहभागिता बृद्धि गरी तोकिएको समयमा योजना सम्पन्न गर्नु पर्ने ।
- कृषि उत्पादनको उचित मूल्य कृषकले प्राप्त गर्ने गरी कृषिको यान्त्रिकरण सिंचाईको राम्रो व्यवस्था सहित अनुदानको व्यवस्था हुनु पर्ने ।
- पर्यटन : प्रादेशिक रुपमा धार्मिक पर्यटन क्षेत्रलाई पहिचान गरी पूर्णता बजेट छुट्याई गुरु योजना सहित प्राथमिकताको आधारमा लगानी गरी उचित दिगो पर्यटन विकाससँग रोजगारी तथा आम्दानी सृजना गर्नु पर्ने ।
- हरेक उपमहानगरपालिकामा न्यूनतम २०० बेडको भौतिक संरचना सहितको अस्पताल सरकारले निर्माण गरी स्थानीय सरकारलाई जिम्मा दिने नीति निर्माण गर्नु पर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई राज्यले अपाङ्गताको वर्गिकरण गरी भत्ताको/सुविधाको थप व्यवस्था गर्नु पर्ने ।
- प्रत्येक प्रदेशका नागरिहरुको स्वास्थ्य वीमा राज्यले गर्नुपर्ने ।
- एकल महिलाहरुलाई जेष्ठ नागरिक सरह भत्ता सुविधा उपलब्ध गराई कम्तीमा रु. २०००।- मासिक व्यवस्था हुनु पर्ने ।
- शिक्षा : लक्षित वर्गलाई उच्च शिक्षा हासिल गर्न सरकारले उचित व्यवस्था मिलाउने ।
- आयात निकासी अन्तर्गत : नेपालमा २ पाङ्गे सवारीको आयातलाई न्यूनिकरण गरी युवाहरुको दुर्घटनाबाट हुने मृत्युबाट राष्ट्रिय क्षति क मगर्दै १००० सिसि सम्मका कारलाई भन्सार महशुल ५०% छुटगरी आयात गर्ने व्यवस्था हुनु पर्ने ।
- भ्रष्टाचार निवारण तर्फ भ्रष्टाचार गर्ने कसैलाई छुट नहुने व्यवस्था गरियोस राजनैतिक दलका जिम्मेवार व्यक्तिहरुले भ्रष्टाचार गरेमा सधैका लागि अयोग्य हुने र लागि आएको जरिवाना र कैदको दोब्बर सजाय हुने व्यवस्था छ ।

(स्थानीय स्तरमा विकासका सम्भाव्यता, स्थानीय एवं क्षेत्रगत समस्या, आवश्यकता र समाधानका उपायहरु :)

- इटहरी उपनगरपालिका अन्तरगत निर्माणधिन पूर्वाञ्चल क्षेत्रिय शाखा प्रदेश नं १ को सम्पत्ती भएको हुँदा हाल प्राप्ति भएको जग्गा कम भएकोले १० बिघा जग्गा थप गरी सुविधा सम्पन्न अन्तराष्ट्रिय खेलकूद् संचालन गर्न सक्ने रंगशाला निर्माणको लागि सरकारले १ अर्ब बजेट छुट्याउनु पर्ने ।

(घ) जिल्ला विकास समिति र नगरपालिका प्रमुख एवं प्रतिनिधि, जिल्ला विकास समिति महासंघ, नगरपालिका संघ तथा गाविस महासंघ र गैर सरकारी संघका प्रतिनिधिहरुबाट प्राप्त सुझावहरु :

(आगामी बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयहरु)

- स्वास्थ्य वीमा नीति लागू गर्ने ।
- धार्मिक तथा कला क्षेत्रको पर्यटकीय विकास गर्ने ।
- भौतिक विकासमा विशेष जोड दिनेः बाटो निर्माण तथा स्तरोन्नती, मध्यपहाडि लोकमार्ग, रेल मार्ग ।
- जोगबनीदेखि किमांथाङ्कासम्मको बाटो निर्माण गर्ने ।
- जलविद्युत उत्पादनका लागि वास्तविक Disadvantage group मा सेवा पुऱ्याउनु पर्ने ।
- तराई तथा पहाडी भेगमा कृषियोग्य जमिन खण्डिकरणमा रोक तथा सरकारद्वारा कृषि योग्य जमिन लिई आधुनिक खेतीमा जोड दिने ।
- युवा रोजगारीमा जोड तथा युवा पलायनमा रोकथाम गर्ने ।
- विकसित योजना सवल स्थानीय निकायको विकास गर्ने ।

(स्थानीय तहका योजना तर्जुमामा सहजीकरण तथा उपयुक्त जनसहभागिताका प्रभावकारी उपायहरु :)

स्थानीय तहमा योजना निर्माणका १४ स्टेपहरुलाई प्रभावकारी बनाउन पर्ने र स्थानीय गैसस सहकारी, टोल विकास समिति, नागरिक वडा मञ्चको परिचालन गर्ने ठोस आधार तयार पार्ने, जसको Owner ship आउनु पर्ने ।

- दक्ष जनशक्तिको सक्रिय परिचालन गर्ने ।
- अनुगमन संयन्त्र तल्लो तहमा नै हुनु पर्ने ।
- मूल्याङ्कनको धरातल यर्थातता हुने नीति अवलम्वन गर्ने ।
- प्रदेश/केन्द्रको नीति नियमलाई प्रभावकारी बनाउन आम जनताको सहभागीता रहनु पर्ने ।

- राजनैतिक दलहरुको संयन्त्रबाट योजना प्रक्रियाको अन्त्य गरी वडा नागरिक मञ्च, स्थानीय गैससहरुको सक्रिय सहभागिता बढाउनु पर्ने ।
- स्थानीय निकाय, श्रोत परिचालन कार्यविधि निर्देशिकाको संशोधन तथा प्रभावकारी कार्यान्वयन गर्ने ।
- अनुभवयुक्त जेष्ठ नागरिक सीपको राज्यद्वारा उपयोग तथा विविध क्षेत्रका दक्ष विशेषज्ञको भरपुर प्रयोग गर्ने ।
- बालमैत्री गाउँ तथा नगर निर्माण गर्ने ।
- बाल मृत्युदर तथा मातृ मृत्युदर घटाएर अर्न्तराष्ट्रिय स्तरमा पुऱ्याउनु पर्ने – मातृ स्वास्थ्य अन्तर्गत निशुल्क पाठेघर सम्बन्धी अप्रेशन तथा अन्य सुविधा दिने ।
- प्राविधिक कर्मचारीको जागिर अवधि (उमेर ६० वर्ष) बाट बढाएर ६५ वर्ष पुऱ्याउनु पर्ने ।
- चुरे संरक्षण सम्बन्धी राष्ट्रपति चुरे योजना/कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्ने ।
- सांस्कृतिक विकासका लागि प्राथमिकता दिई साँस्कृतिक अतिक्रमणलाई न्यून बनाउन नेपाली सांस्कृतिक विकासका लागि आवश्यक कदम चाल्नु पर्ने ।
- युवा तथा किशोरी साक्षरता विकासका लागि नीतिगत व्यवस्था तथा कार्यान्वयन र किशोरी स्वास्थ्य शिक्षामा जोड दिने ।
- नेपाललाई विशेष कृषि देशलाई प्राथमिकता साथ अगाडि बढाउनु पर्ने साथै सरकारले दिने अनुदान वास्तविक किसानले नै पाउने गरी योजना बनाइनु पर्ने न कि हालको एजेण्टले पाउने खालको व्यवस्था नहोस् सँगै नेपाललाई कृषि पेशालाई आत्म निर्भरका लागि राज्यले विभिन्न स्थानमा पहाड तराईका विभिन्न स्थानमा चिस्यान केन्द्र राखी कृषकको उत्पादनलाई लामो समयसम्म संरक्षण गर्ने व्यवस्थालाई अगाडि बढाउनुपर्ने ।

पूर्व वजेट छलफल कार्यक्रम
जिल्ला : ताप्लेजुङ्ग

(क) राजनीतिक दलका स्थानीय प्रतिनिधिहरुबाट प्राप्त भएका सुझावहरु :

(आगामी बजेटका प्राथमिकता एवं बजेटले संवोधन गर्नुपर्ने विषयहरुः)

- तमोर करिडोर ओलाङचुङगोला टिपताला भञ्ज्याङ्ग सडकलाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गरिनु पर्ने ।
- देशमा कूल उत्पादन मध्ये ५०% अलैची ताप्लेजुङ्ग जिल्लामा उत्पादन हुने भएकोले यस जिल्लालाई अलैची पकेट क्षेत्र घोषणा गरी अधिकार सम्पन्न अलैची बोर्ड गठन गर्नुपर्ने ।
- कञ्चनजंघा, कुम्भकर्ण, पाथिभरा, तिम्बु पोखरी, डिकीछोलीङ गुम्बा पोखरी, फुङफुङगे झरना, तिनजुरे मिल्के लाली गुँरासको राजधानी मानमारा लगायतका महत्वपूर्ण पर्यटकीय क्षेत्रलाई बजेटमा समावेश गरी निम्न कार्यहरु गर्ने ।
  - कञ्जनजंघा कुम्भकर्णको बेस क्याम्पमा मोटरवेल बाटो निर्माण गर्ने ।
  - पाथीभरासम्मको सडक कालोपत्र गर्ने र पाथीभरा फेदीदेखि धामसम्म केवल कार निर्माण गर्ने ।
  - तिम्बुद्ध पोखरीसम्म पुग्न आङखोप-सादेवा तिम्वुङ पोखरी मोटरेवल बाटो निर्माण गर्ने
  - फुङफुङ झरना, सोदोपोखरीसम्म मोटरेवल बाटो निर्माण गर्ने ।
- विद्युतको केन्द्रीय प्रशारण लाइन अविलम्ब जडान गर्ने र जिल्लामा कावेली, मेवा, मैदा र घुन्साबाट १००० MW भन्दा बढी विद्युत उत्पादन गर्न सकिने भएकोले कावेली तेश्रो २२ मेघावाटलाई नेपाल सरकार र स्थानीय जनताको साझेदारीमा मेघा प्रोजेक्टको रुपमा निर्माण कार्य गर्नुपर्ने ।
- जिल्लामा विभिन्न जडिबुटीहरुको उत्पादन तथा प्रशोधनको प्रचुर सम्भावना भएकोले सरकारले जनतालाई पर्याप्त मात्रमा अनुदानको व्यवस्था गर्नुपर्ने । साथै अत्याधुनिक जडिबुटी प्रशोधन केन्द्र बनाउनु पर्ने ।

- रासायनिक मलको प्रयोगलाई निरुत्साहित गरी अर्गानिक उत्पादनका लागि आधुनिकीकरण र वैज्ञानिकरण गर्न बजेटको व्यवस्था गर्नु पर्ने ।
- नि:शुल्क स्वास्थ्यको व्यवस्था मिलाई जिल्लामा ५० शैया सम्मको अस्पताल बनाउन बजेटको व्यवस्था गर्नुपर्ने ।
- पाथीभरा बहुमुखी क्याम्पसलाई T.U. को आंगिक क्याम्पस बनाई स्नातकोत्तरसम्म अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाई यसका लागि आवश्यक पूर्वाधार निर्माण गरिनु पर्ने र बहु प्राविधिक शिक्षालय स्थापना गर्नुपर्ने ।
- ताप्लेजुङ्ग नगरपालिकासम्म खानेपानी व्यवस्था गर्न फावाखोला ९ को जबमुडाफे खानेपानी आयोजना संचालन गर्न पर्याप्त बजेटको व्यवस्था गर्नु पर्ने ।
- प्रत्येक गाउँपालिकालाई न्यूनतम एक करोड बजेटको व्यवस्था गर्नुपर्ने र साथै प्रत्येक नगरपालिकामा अनिवार्य एक जना इन्जिनियरको व्यवस्था गर्नु पर्ने ।
- मध्य फावाखोला लगायत जिल्लाका ४ वटा विद्युत आयोजना (मध्य फावा खोला, नेङवा खोला, सादेवा, आङखोप) समयमा सम्पन्न हुन नसकेकोले आगामी आ.व.को बजेटमा सम्पूर्ण रकम उपलब्ध गराई सम्पन्न गराउनु पर्ने ।
- किसानहरुलाई सस्तो ब्याजमा ऋण उपलब्ध गराउनु पर्ने ।
- विकास निर्माण पुऱ्याउन फास्ट ट्र्याक विधि गराउनु पर्ने ।

(योजना छनौट तथा दिगो विकासका लागि राजनीतिक दलको भूमिका)

- राजनैतिक दलहरुवीचमा र सर्वपक्षीय सहमती जुटाउने ।
- समस्याको पहिचान र सम्भाव्यता अध्ययन गर्ने र विश्लेषण गर्ने साथै स्पष्ट दृष्टिकोण तयार पार्ने ।
- योजनाको प्रभावकारी नियमन र अनुगमन गर्ने ।
- आयोजना छनौट तथा कार्यान्वयनमा सक्रिय सहभागिता जनाउने ।
- काम नगर्ने ठेकेदारहरुको लाइसेन्सलाई कालो सूचीमा राख्न आवश्यक नीति बनाउने ।

(ख) जिल्लास्थित सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिहरुबाट प्राप्त सुझावः

(आगामी बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरुः)

- उत्तर दक्षिण लोकमार्ग र तमोर करिडोरलाई द्रुत रुपमा अगाडि बढाउन पर्याप्त बजेटको व्यवस्था गर्ने ।
- वित्तिय समावेशीकरणद्धारा वित्तिय क्षेत्रमा जनताको पहुँच बढाउनु पर्ने
- ग्रामिण क्षेत्रका विकास निर्माणका कार्य, वित्तिय पहुँच बढाउन शान्ति सुरक्षाको आवश्यकता हुने हुँदा प्रहरी चौकीहरुको स्थापना र स्थायित्व गर्नु पर्ने ।
- कृषिलाई व्यवसायीकरण गर्न पकेट क्षेत्र घोषणा गरी एक गाउँ एक उत्पादनलाई जोड दिनु पर्ने ।
- ग्रामिण क्षेत्रका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवा सुविधालाई सम्पन्न बनाउनु पर्ने

  (जनशक्ति-मेशिन औजार) जिल्ला स्तरमा तत्काल कम्तीमा :म डाक्टरको दरबन्दी कायम गर्नु पर्ने ।
- अलैची र जडिबुटीको मूल्य बृद्धि एवं बजारको लागि अनुसन्धान एवं प्रशोधन केन्द्र स्थापना गर्नुपर्ने (पाँच औले, चिराइतो, पाखनबेद, माझिटी....आदि) ।
- दिकी ध्योलिङ जिर्णोद्वार गुम्बाको मर्मत गर्नु पर्ने ।
- विपद् व्यवस्थापनमा पुर्व तयारी उद्दार, राहत एव. पुनर्स्थापनामा विशेष कार्यक्रम तय गर्नु पर्ने । (गत वर्ष बाढी पहिरोबाट कृषि २०० घर आगलागिबाट १०० घर विस्थापित भएका तर पुनर्वास/पूनस्थापनाको लागि कार्यक्रम नभएको) वर्षेनी विपद हुने गरेको । बाढी पहिरोबाट जग्गा जमिन समेत बगाएको हुँदा भूकम्पबाट पिडित परिवारहरुलाई दिएको सुविधा सरह दिनु पर्ने ।
- पर्यटकीय गुरुयोजना तयार गरी (कञ्जनजङघा, तिम्बुङ पोखरी, फुङफुङगे झरना आदि) प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्बर्द्धन गर्नु पर्ने ।
- केन्द्रीय विद्युतिकरणमा जोड्नु पर्ने ।
- कृषि र पशुसँग सम्बन्धित प्राविधिक उत्पादन गर्न एक प्राविधिक शिक्षालय स्थापना गर्नु पर्ने ।

(विषयः योजना कार्यान्वयन, पूँजीगत खर्च बृद्धि र आर्थिक अनियमितता नियन्त्रणका उपाय)

- समयमा सबै कार्यक्रमको अख्तियारी प्राप्त हुनुपर्ने (भदौ महिना भित्र) ।
- भूगोल एवं दुरीको आधारमा खर्चको व्यवस्था गर्न नम्स फरक हुनु पर्ने ।
- रकमान्तरको व्यवस्था सहज हुनु पर्ने ।
- मेशिन औजारको प्रयोगका लागि प्रविधि उन्मुख व्यवस्था गर्नु पर्ने ।
- योजनाहरुको प्राथमिकता निर्धारण गरी नतिजा उन्मूख योजनाहरु संचालन गर्ने ।
- विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्न दोहोरो लेखा परिक्षण हुने हुदा समस्या रहेकोले विपद् व्यवस्थापनले लेखा परिक्षण गर्दा हुने गरी नियम बनाउने ।
- सरोकारवालाको सहभागितामा लेखा परिक्षण गर्ने ।
- क्षमताको आधारमा कर्मचारीहरुलाई उपयुक्त जिम्मेवारी दिने ।
- कर्मचारीको अनियमित (वेमौसम) सरुवा हुने हुँदा सो रोक्नु पर्ने ।
- एकिकृत रुपमा आयोजनाहरु संचालन गर्नुपर्ने (आयोजना संचालन गर्दा वन, कृषि, सडक आदिको समन्वयमा केन्द्रीय तहबाट जोड गर्नु पर्ने ।
- जनप्रतिनिधिहरु रिक्त रहेकोमा सो पूर्तिका लागि निर्वाचन गर्ने ।

(ग) जिल्लास्थित नागरिक समाजका प्रतिनिधिहरु, सहकारी संघका प्रतिनिधिहरु, प्राध्यापक, बुद्धिजिवी, उद्योगी, व्यापारी, महिला समूह/सञ्जालका प्रतिनिधि एवं पत्रकारबाट प्राप्त सुझावहरु :

(आगामी बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयहरु:)

कृषि :

- कृषि क्षेत्रलाई व्यवसायिकरण हुने गरी बजेटको व्यवस्था गर्नु पर्ने ।
- उत्पादन भण्डारण र बजारिकरणको समेत व्यवस्थापन हुने गरी ।
- अलैंची विकास बोर्डको स्थापना, भण्डारण र बजारीकरणको व्यवस्था गर्नुपर्ने । एक गाउँ एक उत्पादनलाई प्राथमिकीकरण गर्ने ।

शिक्षा :

- शिक्षा सबैको पहुँच अर्न्तगत न्यूनतम एक गाविस एक सामुदायिक उच्च माविको व्यवस्था र अनिवार्य नि:शुल्क र प्राविधिक तथा सहकारी शिक्षाको व्यवस्था गर्ने ।
- सामुदायिक विद्यालय र संस्थागत विद्यालयको पाठ्यक्रम तथा छात्रवृत्तिमा एकरुपता कायम गर्नुपर्ने ।
- देशमा संचालित सामुदायिक क्याम्पसलाई विश्व विद्यालय अनुदान आयोगबाट दिइने नियमित अनुदानमा वार्षिक २५% सम्म बृद्धि गर्नुपर्ने ।

स्वास्थ्य :

- प्रत्येक गाविसमा मातृ शिशु सुरक्षा कार्यक्रम अन्तर्गत बर्थिङ सेन्टरको व्यवस्था हुनु पर्ने ।
- दीर्घ तथा गम्भिर प्रकृतिका रोगको नि:शुल्क उपचारको व्यवस्था गर्नुपर्ने । जस्तै : मृगौला सम्बन्धी रोग, मुटु रोग, क्षय रोग आदि ।
- प्रत्येक जिल्ला अस्पतालमा अस्पतालको आफ्नै औषधी पसल (फार्मेसी) अनिवार्य राख्नु पर्ने ।

जलश्रोत :

- न्यूनतम एक जिल्ला एक हाइड्रो पावरको अवधारणाको व्यवस्था गर्नुपर्ने ।

- जलश्रोतको उचित सदुपयोग गरी प्रत्येक नागरिकलाई स्वच्छ पिउने पानी र सुलभ सिँचाइको लागि व्यवस्था गर्नुपर्ने ।

पर्यटन :

- पर्यटन प्राथमिकता दिन साहसिक पदयात्रा, धार्मिक, ऐतिहासिक खेलका लागि पदमार्गको विकास तथा भौतिक पूर्वाधार विकास लागि बजेटको व्यवस्था गर्नु पर्ने ।

यातायात :

- राष्ट्रिय गौरवका आायोजनाको विस्तृत अध्ययन तथा पहिचान र छनौट गरी तमोर करिडोर मार्ग उत्तर दक्षिण ओलाङचुङ्गला लोकमार्ग (केचनादेखि दिक्तेल भञ्ज्याङ्ग) लाई समेत गरी देशभरिका उत्तर दक्षिणका महत्वपूर्ण नाकाहरुमा सडक संजाल विस्तार गर्नु पर्ने ।
- देशभरका सम्पूर्ण नगरपालिका तथा गाविसहरुलाई अनिवार्य जोड्ने गरी ल्याइएको योजनालाई गुरु योजना बनाई व्यवहारिक रुपले बजेटमा सेमट्नु पर्ने । सिण्डिकेट प्रणालीको अन्त्य गर्नुपर्ने ।
- देशमा विद्यमान रहेको प्रदेश अर्न्तगत प्रत्येक प्रदेशमा कम्तीमा १ अर्न्तराष्ट्रिय विमान स्थलको व्यवस्था गरिनु पर्ने ।

सहकारी :

- सहकारी ऐन २०५८ मा व्यवस्था भएको दोहोरो कर व्यवस्थालाई हटाई एक आम्दानी एक करको व्यवस्था गरिनु पर्ने ।

पूर्वाधार विकास :

- पूर्वाधार विकासको लागि योजना माग, कार्यान्वयनको लागि छिटो र छरितो प्रणालीको व्यवस्था गर्नुपर्ने ।
- आर्थिक वर्ष वर्षायाममा हुने हुनाले अधिकांश परियोजना गुणस्तरीय नहुने र बजेट फ्रिज हुने भएको हुनाले चैत्र मसान्तलाई आर्थिक वर्षको अन्त्य मान्ने व्यवस्था अनिवार्य गर्नुपर्ने ।

सुरक्षा :

- प्रत्येक नागरिक सुरक्षाको व्यवस्था गर्नुपर्ने तथा सिमा सुरक्षाको प्रभावकारी सुरक्षा व्यवस्था अनिवार्य गर्नुपर्ने ।
- जडिबुटी तथा वन पैदावार: जडिबुटीको प्रचुर सम्भावना रहेकोले जडिबुटी उत्पादन, प्रशोधन र अवैध निकासी पैठारीमा निगरानी अनिवार्य गर्नुपर्ने ।
- कर तथा आयात/निर्यात: दोहोरो कर प्रणालीको अन्त्य गर्नु पर्ने । करदाता सेवा केन्द्र प्रत्येक जिल्लामा स्थापना गर्नु पर्ने ।
- राष्ट्रिय स्तरमा घरवहाल करको स्पट नीतिको व्यवस्था गरिनु पर्ने ।

स्थानीय स्तरको विकासका सम्भावना, स्थानीय एवं क्षेत्रगत समस्या, आवश्यकता र समाधानका उपायहरु :

- स्थानीय कृषि उपजलाई गुणस्तर ह्रास हुन नदिन शित भण्डार केन्द्र स्थापना गर्न बजेट व्यवस्था गरिनु पर्ने ।
- निजी स्तरमा संचालित हप्पु खोला याम्फुदिन मोटरबाटोमा पर्ने पूल निर्माणका लागि आम्वेगुदिन मेहेलै जोड्ने कावेली खोलामा बजेट व्यवस्था गरिनु पर्ने ।
- पाथीभरा क्षेत्रको सामुदायिक वनलाई पाथीभरा धार्मिक वन कायम गरी भौतिक विकासमा बजेट विनियोजन गरी धार्मिक वन कायम गरिनु पर्ने ।
- निर्माणाधिन बृद्धाश्रम सम्पन्न गर्न बजेट व्यवस्था गर्नु पर्ने ।
- पाथीभरा क्षेत्रमा केवलकार निर्माण प्रक्रियामा रहेको हुँदा IEE, DRP लगायतमा अल्झाएर नराखी सरकारी, निजी अवधारणामा संचालनका लागि बजेट व्यवस्था गर्नु पर्ने ।
- कञ्चनजङ्घा, पदमार्गको अवस्था ज्यादै दयनिय रहेको हुँदा पदमार्गको स्तरोन्नती एवं अन्य भौतिक विकासमा बजेट विनियोजन गर्नुपर्ने ।
- उत्तर-दक्षिण लोकमार्ग समय निर्धारण गरी निश्चित समयमा सम्पन्न गर्न बजेट विनियोजन गर्नुपर्ने ।
- आगलागीको जोखिम अत्यधिक रहेको हुँदा एक गाउँ एक पोखरीको लागि बजेट विनियोजन गरिनु पर्ने ।
- पाथीभरासम्मको मोटरबाटो पिच गर्न आवश्यक बजेट विनियोजन गर्नुपर्ने ।

- ताप्लेजुङ्ग सदरमुकामको सडक र ढल निकासको उचित व्यवस्थापन अनिवार्य गर्नुपर्ने ।
- वसन्तपुर गुफा दोभान बाटोलाई प्राथमिकता दिई बजेटको व्यवस्था गर्ने ।

(घ) जिल्ला विकास समिति र नगरपालिका प्रमुख एवं प्रतिनिधि, जिल्ला विकास समिति महासंघ, नगरपालिका संघ तथा गाविस महासंघ र गैर सरकारी संघका प्रतिनिधिहरु एवं महिला समूहहरुबाट प्राप्त सुझावहरु :

(आगामी बजेटका प्राथमिकता एवं बजेटले संवोधन गर्नुपर्ने विषयहरुः)

- मुलघाट दोभान ओलाङचुङगोला टिप ताल (तमोर कोरिडोर) को उत्तर दक्षिण राजमार्ग करिब २४५ कि.मी. (जोगबनी-टिपताल) लाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गर्ने । तमोर जलाशययुक्त ७६२ मेघावाट विद्युत आयोजनालाई राष्ट्रिय गौरवको आयोजना बनाई जलविद्युत विकासमा जोड दिने ।
- वसन्तपुर- गुफा दोभान बाटोलाई सदरमुकामसम्म जोडी कालोपत्र गर्ने ।
- जल विद्युतको तीब्र विकास गर्न छुट्टै प्राधिकरण गठन गरी शुरुमा राज्यले लगानी गर्ने र निर्माण गरी जनतालाई शेयर बिक्रि गरेर पूँजी संकलन गर्दै अन्य आयोजनाहरु विस्तार गर्दै लैजाने नीति निर्माण गर्ने ।
- स्थानीयस्तरमा कृषिलाई आधुनिकीकरण गर्न जग्गा बाझो राख्न नपाइने र व्यवसायिक कृषि उद्योग गर्नेहरुलाई प्रोत्साहन/अनुदान दिने व्यवस्था गर्ने ।
- कृषियोग्य जमिनमा बाह्रै महिना सिँचाई उपलब्ध गराउन बजेटमा व्यवस्था गर्नुपर्ने ।
- कृषि योग्य जमिनमा बाह्रै महिना सिँचाई उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउन बजेटमा व्यवस्था गर्नुपर्ने ।
- कृषि सामाग्री तथा कृषिजन्य उपज ढुवानी गर्ने साधनमा भन्सार पूर्ण छुटको व्यवस्था गर्ने ।
- स्थानीय तहसम्म करको दायरा फराकिलो पार्न हरेक जिल्लामा कर कार्यालय स्थापना गर्ने ।
- ताप्लेजुङ्गको पर्यटन विकासको लागि कञ्चनजङ्घा/पाथीभरा/तिम्बुङ पोखरी फुङफुङ झर्ना सोदुपोखरी बृहत पर्यटन प्रर्बद्धन योजनालाई प्राथिमिकता दिने ।
- आर्थिक वर्ष वैशाक १ गतेबाट शुरु गर्ने ।
- स्थानीय निकायको पूँजीगत अनुदानमा महिलाहरुको लागि छुट्याएको न्यूनतम १०% बजेटलाई बढाएर २५% सम्म पुऱ्याउने ।
- स्थानीय निकायको बजेट बृद्धि गरी पूर्वाधार विकासको लागि छुट्टै बजेटको व्यवस्था गर्ने ।

- एउटा गाविसमा कम्तीमा एउटा Birthing Center बनाउनु पर्ने ।
- स्वास्थ्य तथा शिक्षा वीमाको व्यवस्था बजेटमा गर्नुपर्ने ।
- युवा पलायन रोक्न नीति तथा कार्यक्रममा उल्लेख भए बमोजिम शैक्षिक योग्यताको प्रमाणपत्र धितो राखी ऋण उपलब्ध गराउने नीति आ.व. २०७३/०७४ देखि नै कार्यान्वयनमा ल्याउनु पर्ने ।

(स्थानीय तहका योजना तर्जुमामा सहजीकरण तथा उपयुक्त जनसहभागिता प्रभावकारी उपायहरुः)

- आयोजना तर्जुमा गर्दा सम्बन्धित क्षेत्रमा योजना विज्ञ पठाई स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा स्थानीय दररेटमा लागत इष्टिमेट तयार गर्ने । स्थानीय विशेषताको आधारमा डिजाइन गर्ने नीति बनाउनु पर्छ ।
- स्थानीय निकायको निर्वाचन गरी जनप्रतिनिधिहरुलाई स्थानीय स्तरमा संचालन हुने आयोजनाहरुप्रति जिम्मेवार बनाउने ।
- स्थानीय स्रोत साधन परिचालन तथा सदुपयोग हुने खालका आयोजनाहरुलाई प्राथमिकता दिने नीति बनाउनु पर्छ ।
- स्थानीय निकायको प्रयोगलाई प्राथमिकता दिने ।
- स्थानीय स्तरमा महिलाहरुको सहभागितालाई सार्थक बनाउन महिला सचेतना कार्यक्रम अनिवार्य रुपमा संचालन गर्ने व्यवस्था गर्ने ।

पूर्व वजेट छलफल कार्यक्रम
जिल्ला : दोलखा

(क) राजनीतिक दलका स्थानीय प्रतिनिधिहरुबाट प्राप्त भएका सुझावहरु :

(आगामी बजेटका प्राथमिकता एवं बजेटले संवोधन गर्नुपर्ने विषयहरु:)

- बजेट निर्माण गर्दा राष्ट्रिय महत्व दिने ।
- जिल्लामा शिक्षा, स्वास्थ्य, खानेपानी, सिँचाईलाई प्राथमिकता दिने ।
- दीर्घकालिन महत्वका कार्यक्रममा वजेट विनियोजन गर्ने जस्तो: राजमार्ग/जलश्रोत खनिजजन्य, भूकम्प पिडितलाई घर निर्माण र खानेपानी व्यवस्था, सिंचाई, सडक/शिक्षा, स्वास्थ्य ।
- सुझाव: योजना कार्यान्वयनमा सरलीकरण र जवाफदेही बनाउनु पर्छ
- कुनैपनि योजना तर्जुमा र कार्यान्वयन गर्दा मागमा आधारित बनाइनु पर्ने ।
- सुखी नेपाली र समृद्ध नेपाल बनाउने आधार तयार गर्ने ।
- कृषि उत्पादनलाई पहिलो प्राथमिकतामा राख्ने ।
- युवाको विदेश पलायनबाट रोक्न औद्योगिकरणमा देशको नीति तथा कार्यक्रम केन्द्रीत हुनु पर्छ । जलश्रोत पर्यटनलाई जोड दिने ।
- बजेट तर्जुमा गर्दा प्रचलित ऐन कानुनको फितलोपनले खर्च नहुने संस्कृतिको अन्त्य गर्नु पर्छ । त्यसलाई संशोधन गर्नुपर्छ । बजेट फ्रिज हुने संस्कारलाई रोक्नु पर्छ ।
- माथिल्लो तामाकोशीको यथाशिघ्र निर्माण सम्पन्न गने ।
- लामा बगर पलाक सडक जोड्ने भाग पटक पटक माग गर्दा पनि सरकारको ध्यान पुगेन ।
- फिल्म सिटी दोलखामा बन्ने निर्णयलाई छिटो कार्यान्वयनमा ल्याउने योजना बनोस् ।
- दोलखालाई विद्युत उत्पादनको दृष्टिकोणले उच्च प्राथमिकतामा राख्नु पर्छ र कार्यान्वयनमा ल्याउने ।
- पर्यटन गुरु योजना बनाउन र पर्यटन नीतिमा सरकारले सहयोग गर्नु पर्छ ।
- पूर्वाधारको पहिलो पूर्वाधार सडकमै भएकाले अधिकांश सडकलाई कालो पत्रे गर्न योजनाबद्ध कार्यक्रम आउनु पर्छ ।

- पुनः निर्माणमा व्यक्तिको घर निर्माण, संस्थागत तथा सरकारी संरचना निर्माण कार्यमा प्रष्ट हुनु पर्छ ।
- जिविस/गाविस/न.पा.मा दिने बजेटको मात्रा बढाउने नीति ल्याउने ।
- बजेट तय गर्नलाई राजनीतिक दल नै प्रतिबद्ध बनाउनु पर्छ ।
- समाजवादउन्मूख बजेट ल्याउनु पर्छ ।
- बजेटले निजिकरणलाई भन्दा पनि दीर्घकालिन र स्थायित्वको दृष्टिकोणले जोड दिनु पर्छ ।
- बजेट दातृ निकायको दबाब र स्थार्थ केन्द्रीत नहोस् ।
- बजेटले उत्पादकत्व बृद्धि/पूर्वाधारलाई प्राथमिकता दिने ।
- सुविधासम्पन्न सुरक्षित घर निर्माण गर्ने बजेट बन्नु पर्छ ।
- कृषि उद्योग र पर्यटन उद्योगको परिकल्पना गरी बजेट तर्जुमा गरिनु पर्छ ।
- बजेटको Modeling नै ग्रामिण उत्पादनलाई बृद्धि गर्ने हुनु पर्छ ।
- पूर्वाधार विकास गर्दा चीनसँगको नाका दोलखाको भूमिबाट खोलिन नीति र बजेट ल्याउनु
  पर्दछ ।
- दीर्घकालीन बजेट निर्माणमा जोड दिनुपर्ने ।
- समावेशी विकासलाई जोड दिने खालको बजेट हुनु पर्छ ।
- बेरोजगार युवालाई प्रोत्साहन गर्ने बजेट हुनु पर्छ ।
- पुर्ननिर्माणमा स्वदेशी युवालाई आकर्षण गर्ने बजेट लागू गर्नु पर्छ ।
- राष्ट्रिय उद्योगहरुलाई कसरी संचालन गर्ने/उद्योग मैत्री नीति बजेटले ल्याउनु पर्छ ।
- युवा स्वरोजगार नीतिको आवश्यक सम्बोधन लागू हुने बजेट ल्याउने।
- भूकम्प पिडितले विना झन्झट घर निर्माण गर्ने व्यवस्था गर्नु पर्छ ।
- आर्थिक वर्षको समय परिवर्तन गर्नु पर्छ । (असार मसान्तलाई) । खर्चको अख्तियारी स्वीकृति र कार्यन्वयन प्रक्रिया झन्झटिलो भएकाले परिवर्तन गर्ने ।
- Tendar Policy Change गर्नु पर्ने । ठेकेदारलाई सचेत गराउने कारवाही गर्ने व्यवस्था गर्ने ।
- भूकम्प प्रभावित जिल्लामा विशेष बजेटको व्यवस्था गर्ने ।

- युवा स्वरोजगार कोषलाई सम्पन्न, संशोधन र कार्यान्वयन गर्नु पर्छ ।
- दोलखामा आलु, अलैची र किवी खेतीलाई प्रबर्द्धन गर्ने बजेट चाहिन्छ
- पुरातात्विक र सांस्कृतिक सम्पदाको पुनः निर्माणका लागि बजेटमा विशेष व्यवस्था गर्नुपर्ने ।
- जिरी एयरपोर्ट निर्माणका लागि बजेटको व्यवस्था गर्ने ।
- आरोहण पाठशालाको व्यवस्था गर्न बजेटले जोड दिने ।
- कृषि पेशा/व्यवसायलाई आधुनिकिकरण उन्मुख गराउने ।
- दोलखाबाट उत्तर-दक्षिण वाटो खोल्ने बजेट विनियोजन गर्ने ।
- खरिढुङ्गामा रहेको फ्याक्ट्री संचालनमा ल्याउनुपर्ने ।
- भू-योजना लागू गर्ने ।
- ठेक्का प्रणालीमा देखिएको प्रतिस्पर्धालाई रोक्ने नीति बजेटले ल्याउने ।
- सार्वजनिक खरिद ऐनलाई परिवर्तन गरी निर्माण कार्यलाई सरकारी मैत्री बनाउने ।
- तामाकोशी आयोजनालाई जोड दिने ।
- खेलकुद विकासका लागि सहि बजेटको व्यवस्था गर्नुका साथै खेलकुद नीति बनाई लागू गर्ने ।
- क्रिकेट खेललाई प्रबर्द्धन गर्ने प्रत्येक संघीय राज्यमा एउटा पिचको व्यवस्था ।
- खेलाडी उत्पादन गर्ने बजेट ल्याउनु पर्छ ।
- भूकम्प पिडित परिचय पत्र बितरणमा देखिएको समस्या समाधानका लागि स्थानीय निकायलाई नै जिम्मेवारी प्रत्यायोजन गर्नुपर्ने ।
- बस्ती विकासलाई व्यवस्थित गर्नुपर्ने ।
- आधारभूत आवश्यकता सहितको पुर्ननिर्माण हुनु पर्ने ।
- ऐतिहासिक महत्व बैंकिङ्ग योजनालाई प्राथमिकतामा राखिनु पर्ने ।
- चोरबाटोबाट बजेट हाल्ने परिपाटी बन्द गर्नु पर्छ ।
- पुर्ननिर्माणका लागि सरकारी संस्था मात्र सहुलियतपूर्ण ऋण लगानी सहकारी मार्फत गर्ने व्यवस्था बजेटले गर्ने ।
- जिल्ला स्थित सहकारी संघको क्षमता अभिबृद्धि र संस्थागत विकासमा बजेटको व्यवस्था होस् ।

- युवा स्वरोजगार कोष, गरिबी निवारण कोष लगायतका कोष परिचालन सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट हुने व्यवस्था होस् ।

(ख) जिल्ला स्थित नागरिक समाजका प्रतिनिधिहरु, सहकारी संघका प्रतिनिधिहरु, प्राध्यापक, बुद्धिजिवी, उद्योगी, व्यापारी, महिला समूह/सञ्जालका प्रतिनिधि एवं पत्रकारबाट प्राप्त सुझावहरुः (आगामी बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयहरुः)

- **भूकम्प पछिको पुनः निर्माणका सम्बन्धमा निम्न विषयहरुमा ध्यान दिने :**

- निजी घर (व्यवस्थित बस्ती विकास)
- विद्यालय/कलेज ।
- सरकारी कार्यालय ।
- सडक, खानेपानी, विद्युत, स्वास्थ्य लगायत ।
- पर्यटन पूर्वाधार ।
- सांस्कृतिक सम्पदाको पुन निर्माण ।
- संचार र प्रविधि ।
- विपद व्यवस्थापनका लागि पूर्वाधारको विकास गर्ने ।
- जलविद्युतको विकास/प्रशारणः मानव संशाधन विकास गर्ने ।
- महिला शसक्तिकरण, नागरिक शिक्षामा जोड दिने ।
- क्षमता विकास, सीप विकासका कार्यक्रम संचालन गर्ने ।
- कृषिमा व्यवसायिकरण गर्ने– अलैची, आलु, अम्रिसो, किवी ।
- आयमूलक रोजगार कार्यक्रम (युवालाई देशमै रोक्न सक्ने युवा लक्षित कार्यक्रम) संचालन गर्ने ।
- सामाजिक विकासका कार्यक्रम संचालन गर्ने । (महिला, दलित, आदिवासी, जनजाती) ।
- खानी अन्वेषण तथा उत्खननमा बजेट विनियोजन गर्ने जोड ।
- स्थानीय निर्वाचन समयमै गर्ने ।
- घरेलु उद्योगको विकास गर्ने ।

- खेलकुद्को पूर्वाधार विकास गर्ने ।
- शिक्षा, स्वास्थ्य लगायत सम्पूर्ण सरकारी निकायको भवनहरुको पुन निर्माण गर्ने ।
- सडक, स्तरोन्नती, सिँचाई तथा सांस्कृतिक सम्पदाको निर्माण/पुननिर्माण गर्ने ।
- पर्यटन प्रबर्द्धन तथा पूर्वाधार निर्माण फिल्मसिटीको विकास गर्ने।
- कृषिमा व्यवसायिक कृषि कार्यक्रम जडिबुटी उत्पादन गर्ने ।
- उन्नत पशुपालन कार्यक्रममा बजेट विनियोजन गर्ने ।
- विपन्न परिवारका लागि रोजगारी र आयमूलक कार्यक्रम ।
- वन तथा वातवरणीय संरक्षण कार्यक्रम संचालन गर्ने ।
- प्रविधि मैत्री (Wifi web base) आधुनिक संयन्त्र प्रबर्द्धनका कार्यक्रम संचालन गर्ने ।
- शान्ती सुरक्षाको प्रत्याभूती गर्ने ।
- लामा बगर फलाक नाका सुचारु गर्ने ।
- खेलकुद् रंगशाला र कवर्ड हल निर्माण गर्ने ।
- बाल विकास केन्द्र, सामुदायिक अध्ययन केन्द्र, गुम्बा विद्यालय लगायतका कार्यक्रम संचालन गर्ने ।
- सोसल मिडिया प्रबर्द्धन गर्ने ।
- १३२/३३ के.भी. सब स्टेशन निर्माण गर्ने ।
- काठका जिर्ण पोल प्रतिस्थापन गरी विद्युत पोल निर्माण गर्ने ।
- छुट जग्गाको नापी गर्ने ।
- एक घर एक धारा निर्माण गर्ने ।
- एक घर एक रोजगारी ।
- एक घर एक शौचालय निर्माण गर्ने ।
- पूर्ण साक्षर दोलखा, पूर्ण सरसफाई दोलखा कार्यक्रम संचालन गर्ने ।
- दोलखालाई धुँवामुक्त जिल्ला घोषणा गर्ने ।
- प्राविधिक विद्यालय स्थापना गर्ने ।
- भूकम्प स्मारक निर्माण (सुनखानी) गर्ने ।

- सहकारीको प्रभावकारी व्यवस्थापन, नियमन गर्ने ।
- बजेटमा राजस्वको दायरालाई फराकिलो बनाउने कार्यक्रम ल्याउने ।
- सार्वजनिक खरिद ऐन, नियममा समय सापेक्ष संशोधन गर्ने ।

पूर्व वजेट छलफल कार्यक्रम
जिल्ला : सिन्धुपाल्चोक

(क) राजनीतिक दलका स्थानीय प्रतिनिधिहरुबाट प्राप्त भएका सुझावहरुः

(आगामी बजेटका प्राथमिकता एवं बजेटले संवोधन गर्नुपर्ने विषयहरुः)

- सेवा प्रदायक निकायका भवन -गाविस, स्वास्थ्य केन्द्र, विद्यालय, सामुदायिक भवन, मठ मन्दिर, गुम्बा आदि), सांस्कृतिक, ऐतिहासिक भवन निर्माण गर्ने ।
- नेपाल पत्रकार महासंघको भवन निर्माण गर्ने ।
- खानेपानी आयोजनाहरु, सिंचाई आयोजनाहरुको निर्माण गर्ने ।
- कृषि सडकहरु (साँगा चोक, हर्रे डढुवा, झयाडी-भिमटार, पात्ले पानी हुँदै होडगाङ हुँदै हुन्द्रुङ जोड्ने) निर्माण गर्ने ।
- दीर्घकालीन योजनाहरु अन्तर्गत निम्न सडकहरु निर्माण एवं विस्तार गर्नेः
- साँखु फटकेश्वर-मेलम्ची-चौतारा-नौबिसे सडक निर्माण गर्ने ।
- बलेफी -तेम्बाङथाङ सडक निर्माण गर्ने ।
- मेलम्ची- भोताङ-पाँचपोखरी सडक विस्तार गर्ने ।
- सुकुटे - ठोकर्पा- समरथली २१ किलो सडक विस्तार गर्ने ।
- चौतारा - सानु ओखेनी - गोब्रे - भोटेगम्लाङ-गुम्सा-भोताङ सडक विस्तार गर्ने ।
- बाह्रबिसे - लिस्ति - भैरवकुण्ड सडक ।
- सुनकोशी - धुस्कुन - पिस्कर (जलजले)- कालिञ्चोक सडक ।
- सियाले - यामुनाडाँडा - जिरीखिम्ती- डाँडागाउ- २१ कि.मी.
- सिपाघाट - भिमटार- झयाँडी- चौतारा सडक ।
- सिपाघाट - ज्यामिरेमाने - नवलपुर - चौतारा सडक ।
- चौतारा - बतासे-कुम्भेश्वर-गोल्चे सडक ।
- सिवाघाट - ज्यामिरे - कुञ्चोक- चौतारा ।

- सिपाघाट- देउराली-भंगेरी-गहते-ज्यामिरेभन्ने - बुढी चौर ।
- बाहुने पाखेरी - थकनी सडक ।
- ढाँडेकेसी - ओखेनी-युस्कोट-धुम्याङ सडक (२ निर्वाचन क्षेत्र जोड्ने) ।
- मोताङ - ढुक्चुङखोला, योञ्जन खोला २५ गाविस खानेपानी परियोजना/२५ गाविसलाई Feasibility Servey गर्न बजेट छुट्याउनु पर्ने ।
- गोब्रेको महादेव खोला -गोरेनाम्लाङ गाविस) लाई सिँचाई योजना बनाउने ।
- ढुंगेदाय खानेपानी २ गाविस (याममुनाडाँडा र सुनखानी गाविस
- थलखर्क- होल्चे- रक्त चन्दन-कोसलिङ -मुहान सिम्पाल काभ्रे चौतारा खानेपानी)
- सिमाखेत - डढुवा खानेपानी, -ठूलो सिसबारी सडक ।
- वैज्ञानिक कृषि प्रणालीद्धारा कृषिजन्य उत्पादन तथा बजारिकरणमा जोड दिने ।
- रष्टिक स्टोर (बीउ भण्डारण) - निगाले आलु भण्डारण व्यवस्थापनमा जोड दिने ।
- कृषि उपज सङ्कलन तथा बजारीकरण केन्द्र ३ निर्वाचन क्षेत्रमा ३ वटा निर्माण गर्ने ।
- साना सिँचाई आयोजनाहरु (टंङ्की, पोखरी, पाइप, नहर, स्पिङकलर र थापा सिँचाइ) संचालन । गर्ने ।
- बीउ भण्डारण/शीत भण्डारण - Cold Store निर्माण गर्ने ।
- सामुदायिक हाट बजारको व्यस्थापन गर्ने – चौतारा, खाडीचौर, बाह्रबिसे, मेलम्ची ।
- कृषि मेला प्रदर्शनी र प्रोत्साहनका कार्यक्रम संचालन गर्नेः साना सिँचाई लिफ्टिङ प्रविधि ।
- स्याउले गा.वि.स. वडा नं १ कातेक्षेमा तामाङहरुको मसानघाट निर्माण गर्ने ।
- व्यक्ति र सरकारी कार्यालयहरु निर्माण गर्नु पर्ने ।
- ६८ गा.वि.स. २ नपा गरिकन १७०० वटा बस्तीमा पानीको मुहान सुकेको छ । खापाको निम्ति एकमुष्ट बजेटको व्यवस्था गर्नु पर्ने ।
- भूकम्पका कारण कैयन बस्तीहरुमा धाजा फाटेको, भासिएको, अवस्थाका असुरक्षित बस्तीहरुलाई सुरक्षित ठाउँमा स्थानान्तरणको व्यवस्था मिलाउनु पर्ने ।
- तातोपानी नाका अवरुद्ध हुँदा सडकलाइनका होटल, रेष्टुरा बन्द भै ५००० भन्दा बढी व्यक्तिहरु बेरोजगार बनेका दल, व्यापारीहरुको अवस्था ज्यादै दयनीय बनेको छ ।

राष्ट्रिय अर्थतन्त्र ठूलो नोक्सानी परेको छ । अत : तातोपानी नाका सुचारु गर्न राज्यको गम्भिर ध्यान जान आवश्यक छ ।

- अरनिको लोकमार्गको स्तर उन्नतीको निम्ति चाइनिज सरकारले विनियोजित गरेको रु. १४ अरब ९५ करोड रकमको कार्यान्वयन तत्काल गर्नुपर्ने ।
- भूकम्पका कारण क्षत विक्षत अवस्थामा पुगेको यस जिल्ला र यहाँका नागरिकहरुको आर्थिक जीवन स्तरमा सुधार ल्याउन इन्द्रावती जलाशययुक्त बहु उद्देश्ययीय परियोजनालाई अघि बढाउनु पर्ने ।
- सिन्धुपाल्चोक जिल्ला आर्थिक, साँस्कृतिक पर्यटकिय हिसाबले ज्यादै महत्वपूर्ण जिल्ला हो । यस जिल्लाको सबै क्षेत्रको विकासका लागि पहाडी लोक मार्गको रुट बाहुनीपाटी बोडेगाउँ.. हुदै कायम गरिनु पर्ने ।
- सिन्धुवासी जनताहरुको आस्था र विश्वासको धरोहरको रुपमा करोडौं करोड रुपैंया खर्च गरेर निर्माण गरिएका करिब ८०० भन्दा बढी गुम्बा र मठ मन्दिर ध्वस्त भएका छन् । उक्त गुम्बा र मठ मन्दिरको पुन : निर्माणको निम्ती आगामी आ.व.को बजेटमा व्यवस्था गरियोस् ।
- उच्च प्राथमिकता दिनु पर्ने महत्वपूर्ण योजनाहरु :

सडक :

- चाकु-चन्दनपुर-देउढुंगा सडक ।
- बाह्रबिसे-फापर चौर- धुक्कुन-पिटकर ।
- धगेरीधारी-महेन्द्रकान्ती-कालिका ।
- ध्याङडाँडा-आलुङ-उसत्पा-च्याजी ।
- खाडीचौर- धनसर ।
- स्याउले-सेलाङ-गोल्चे ।
- डल्लेपोखरी-तापगाँऊ-पागरपुर ।
- स्याउले-भाद्गाउँ-सिंपालकाभ्रे ।
- वनदेउ-भिमटार-सिपाघाट ।
- चौतारा-बतासे-कुम्भेश्वर ।
- गोल्माधान-नागीडाँडा ।

- गैटार-मराम्ची-गोल्फु भन्ज्याङ्ग ।
- मानेडाँडा-सिमपानी-कटुन्जे-डढुवा-घाक्ले ।
- फट्केश्वरी-पब्लिक प्रा.वि.-चण्डेली ।
- चिलाउने-माहाँकाल-वरुवा ।

सिँचाई :

- सुक्दल सिंचाई- धुस्कन ।
- भुसीखोला सिँचाई - ठोकर्ण ।
- डुमराङ - लिसंखु ।
- कोईराला - कर्थली ।
- गोल्मा - मानेडाँडा ।
- नयाँपानेटार - भिमटार ।
- बिप्लुङ घिप्चे - जलविर ।
- सम्फनेखोला - सेलाङ ।
- वागखुर सिँचाई - गुम्बा ।
- गडहरे सिंचाई - बराम्ची ।
- तिम्बु फाँट – हेलम्बु ।
- चिलाउने बेसी सिँचाई – थाङपालकोट ।
- गिरानचौर लिफ्ट - मेलम्ची न. पा. ८
- सोतेखोला, दुलाल गाउँ - मेलम्ची न. पा.-५
- भोटेनाम्लाङ मुल - भोटनाम्लाङ ।

(योजना छनौट तथा दिगो विकासका लागि राजनीतिक दलको भूमिका:)

- राजनीतिक दलले आवश्यकताको सिद्धान्तको आधारमा योजना छनौट गर्ने ।
- क्षतिग्रस्त लघु उद्यम तथा साना उद्योगलाई राहत स्वरुप भौतिक पूर्वाधार मेशिन औजार सहित Seed Money को व्यवस्था गर्नु पर्ने ।

- जेष्ठ नागरिकहरुलाई सम्मानजनक सुविधा उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता, औषधीउपचार खर्च आदि ।
- जेष्ठ नागरिक भेला/छलफल भजन केन्द्रको पूर्वाधार निर्माण गर्ने ।
- विद्युतीकरण : सम्पूर्ण गा.वि.स. तथा नगरपालिकाहरुमा काठको पोल पूर्ण रुपमा विस्थापित गरी आवश्यकता अनुसारको क्षमता भएको ट्रान्सफर्म जडान गर्न आवश्यक बजेट विनियोजन गर्ने ।
- नगर सुधार कार्यक्रम संचालन गर्नेः (सचेतना तथा अभिमुखीकरण)
- अपाङ्ग सम्मान तथा सहयोग कार्यक्रम सुलभ जीवनयापनको व्यवस्था गर्नुपर्ने ।

(स्थानीय स्तरमा विकासका संभाव्यता, स्थानीय एवं क्षेत्रगत समस्या, आवश्यकता र समाधानका उपायहरुः)

- जलविद्युत निर्माण गर्ने-इन्द्रावती, बहुउद्देश्यीय परियोजना, बलेफी, भोटेकोशी ।
- जुगल हिमाल पदमार्ग, पाँच पोखरी, भैरवकुण्ड, दुगुनागढी पर्यटन प्रबर्द्धन गर्ने ।
- धार्मिक पर्यटन विकासमा जोड दिने (तातोपानी धारा, त्रिपुरा सुन्दरी, लिस्ति माई, गौरती भगवती, नारगाउँ, लिसंखु, हर्लङवर्लङ)
- सामुदायिक वनको संरक्षण/सर्म्बद्धन खानेपानीको मुहान संरक्षण गर्ने कार्यक्रम संचालन गर्ने ।
- तातो पानी नाका सुचारु गर्नु पर्ने ।
- कृषिजन्य व्यापार, लघु उद्यमको विकास तथा प्रबर्द्धन सिपमुलक तालिम सहकारीकरण गर्ने ।
- अनुगमन/मूल्याङ्कन : नतिजामुखी अनुगमन गर्ने, सरकारी तथा गैर सरकारी निकायको अनुगमन गरी राम्रोलाई प्रोत्साहन र नराम्रो गर्नेलाई कारवाहीको व्यवस्था गर्ने ।
- सहकारीकरण/विमाः प्रत्येक गाविस सहकारी मार्फत कृषिजन्य उत्पादनको बिक्रि बितरण तथा संकलन, पशु वीमा गर्ने र कृषिको व्यवसायिकरण गर्ने ।
- खोला ओगट्ने प्रथा अन्त्य गर्ने (झोलामा खोला) ।
- जलविद्युत आयोजनालाई अवरुद्ध गर्नेलाई तुरुन्त कारवाही गर्ने ।

- वातावरण सिर्जना गर्ने (प्रत्येक योजनामा सुरक्षा निकायको युनिट खडा गर्ने) ।

(स्थानीय तहका योजना तर्जुमामा सहजिकरण तथा उपयुक्त जनसहभागिताका प्रभावकारी उपायहरुः)

- ठूला योजनाका लागि प्राविधिक प्रस्तावलाई महत्व दिने ।
- निश्चित प्रतिशत भन्दा कम बोल कबोल गर्नेलाई ठेक्का दिन नहुने ।
- सम्बन्धित लाइन एजेन्सी भन्दा बाहेकको सरकारी संयन्त्रबाट अनुगमन गर्ने प्रावधान राखिनु पर्ने ।
- योजना निर्माण प्रक्रियामा स्थानीय स्तरबाट (वडा नागरिक मञ्च)का योजनामा बजेट विनियोजन गर्ने (Bottom-Top)
- जनतालाई कार्यक्रमको अनुगमनमा सहभागी गराउने ।
- लक्षित वर्गको नाममा आउने बजेट सम्बन्धित वर्ग/क्षेत्रमा नै लगानी हुनु पर्ने ।
- जनसहभागिताको लागि गैर सरकारी संस्था परिचालन गर्ने ।
- सामुदायिक वन विकास पद्धतीको विकास गर्ने ।

(ख) जिल्लास्थित सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिहरुबाट प्राप्त सुझावहरुः

(आगामी बजेटका प्राथमिकता एवं बजेटले संवोधन गर्नुपर्ने विषयहरुः)

- जनताहरुको आवास पुन निर्माण कार्य गर्ने ।
- सरकारी कार्यालय भवनहरुको पुननिर्माण कार्य गर्ने ।
- जिवन निर्वाह गर्न पुग्ने गरी तलब बृद्धि गरिनु पर्ने ।
- क्षतिग्रस्त भएका लघु उद्यम तथा साना उद्योगहरुलाई राहत स्वरुप भौतिक पूर्वाधार, मेशिन औजार र अन्य Seed money हो व्यवस्था हुनुपर्ने ।
- भूकम्पका कारण वन क्षेत्रमा परेको असरलाई न्यूनिकरकण गर्ने खालका कार्यक्रम संचालन गर्ने ।
- जिल्लामा क्षति भएका तथा आफ्ना जग्गा र भवन नभएका प्रहरी इकाइहरुलाई सुविधा सम्पन्न र नागरिक भवन निर्माणको लागि बजेट विनियोजन गर्ने ।

- महिलाहरुको सशक्तिकरणका लागि ध्वस्त भएका व्यवसाय र महिलाको आर्थिक अभिबृद्धिका लागि बजेट तथा कार्यक्रमलाई प्राथमिकता दिनु पर्ने ।
- बालबालिका बाहिरिने क्रम बृद्धि भइरहेको अवस्थामा तिनको व्यवस्थापनको लागि जिल्ला संरक्षण गर्नको लागि बजेटको व्यवस्था हुनु पर्ने ।
- सामाजिक विमर्शका कार्यक्रम व्यापक रुपमा प्राथमिकताका साथ लागू गरिनु पर्ने ।
- आगामी वर्षको बजेट कार्यक्रममा खानेपानी, सिँचाई, सडक विद्युतीकरण आदि कार्यक्रमका लागि एथेष्ट बजेट विनियोजन हुनुपर्ने
- जिल्लाका महत्वपूर्ण पर्यटकीय क्षेत्रहरुको विकास निर्माणको लागि बजेटको व्यवस्था गर्ने ।
- कृषि उन्नत बीउ बिजन तथा जडिबुटी खेतीका लागि अनुदानको रुपमा बजेट विनियोजन हुनुपर्ने ।
- योजना कार्यान्वयन चरणमा आउने प्रक्रियागत ढिलाई हटाइ समय सापेक्ष गरिनु पर्ने ।
- सार्वजनिक खरिद ऐन, लामो तथा झन्झटिलो भएकोले परिमार्जन गरी कार्यान्वयन हुनुपर्ने ।
- योजना निर्माण तथा कार्यान्वयन चरणमा अनुगमन तथा मूल्याङ्कन परिपाटी कडाइका साथ लागू गर्नुपर्ने ।
- प्राथमिकताका साथ छनौट गरी पठाइएका योजनाहरुभन्दा अन्य योजना तथा कार्यक्रमलाई प्राथमिकता नदिने व्यवस्था हुनु पर्ने ।
- आर्थिक वर्षको अन्त्यमा बजेट निकासा गर्ने व्यवस्थाको अन्त्य भई समयमा नै बजेट विनियोजन गरी निकासाका लागि पठाउनु पर्ने ।
- समयमै वैदेशिक स्रोत (अख्तियारीको) फुकुवा हुनुपर्ने ।
- केन्द्रमा अवण्ड बजेट राख्ने व्यवस्थाको अन्त्य हुनु पर्ने ।
- आन्तरिक नियन्त्रण र आन्तरिक लेखा परीक्षण प्रभावकारी हुनुपर्ने ।
- संसदीय समितिबाट बजेट कार्यान्वयनका सम्बन्धमा नियमित अनुगमन हुने व्यवस्था गरिनु पर्ने ।

आगामी बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्न सक्ने विषयहरु :

- पुन : निर्माणमा जोड दिनुपर्ने ।
- बजेट कार्यान्वयन गर्ने कर्मचारीतन्त्रलाई प्रोत्साहन गर्न नसक्ने किसिमका कार्यक्रमहरु ल्याउने जस्तोः तलब बृद्धि, भूकम्प प्रभावित क्षेत्रमा कार्य गर्नेलाई विशेष सुविधा आदि ।
- रेमिटेन्सलाई सदुपयोग गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

योजना कार्यान्वयन पूँजीगत खर्च बृद्धि र आर्थिक अनियमितता नियन्त्रणका उपायहरुः

- कर्मचारीलाई न्यूनतम आवश्यकता पुरा गर्न सक्ने सुविधाहरु उपलब्ध गराउने ।
- कर्मचारीलाई उपयुक्त तालिमको व्यवस्था गर्ने ।
- आचरण सुधार सम्बन्धी तालिमहरु संचालन गर्ने ।
- अख्तियारी समयमा नै प्राप्त हुनु पर्ने ।
- सार्वजनिक खरिद ऐन, नियमावलीमा समय सापेक्ष परिमार्जन गर्ने
- समयमै वैदेशिक श्रोतको फुकुवा हुनुपर्ने ।
- आन्तरिक नियन्त्रण र आन्तरिक लेखा परीक्षण प्रभावकारी हुनु पर्ने
- संसदीय समितिबाट नियमित अनुगमन हुनु पर्ने ।
- कार्यालयलाई मानविय श्रोत साधन सम्पन्न बनाई उचित तलबमान हुनु पर्ने ।
- प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुसँग प्रत्यक्ष रुपमा योजनाहरु कार्यान्वयन गर्ने ।
- आम्दानीका स्रोतहरुको पहिचान गरी आय बृद्धि गर्ने ।
- बजेट फुकुवा समयमा गर्ने ।
- ऐन कानून व्यवहारिक (लागू हुने खालको हुनुपर्ने) ।
- जनप्रतिनिधिहरुमा साझा प्रतिबद्धता गर्नुपर्ने ।
- Multiple hydro electric Projects.
- योजना कार्यान्वयन/पूँजीगत खर्च बृद्धि /आर्थिक अनियमितता नियन्त्रण गर्ने ।
- सबैले आफ्नो स्वार्थ भन्दा माथि उठी विकासका कार्यहरुलाई प्राथमिकता दिनु पर्ने ।
- सरकारले विषयगत रुपमा बजेट विनियोजन गरिसकेछि त्यसको यथार्थ जानकारी कम्तीमा जिल्लाको ३ ठाउँमा यस्तै कार्यक्रम आयोजना गरी सर्वसाधारणलाई जानकारी गराउनु पर्ने ।

- योजनाको बारेमा आ.व.को शुरुवात मै सूचना प्रवाह गर्नुपर्ने ।
- पहिलो चौमासिक मै योजना सम्झौताहरु सकिनु पर्ने ।
- समयमै स्थलगत अनुगमन गर्ने ।
- योजना एकिकृत बनाई कार्यान्वयन गर्ने ।
- समयमै योजना बनाई बजेट व्यवस्था गर्नु पर्छ ।
- ठेक्का प्रथा अन्त्य हुनुपर्ने ।
- देशमा बेरोजगार युवालाई विकास निर्माणमा लगाउने ।
- एकिकृत बस्ती विकासको अवधारणालाई प्राथमिकता दिनु पर्ने ।
- बीउ उत्पादन र संकलन केन्द्रको निर्माण व्यवसायिक कृषि विकास, ट्राउट, तरकारी, कफि, अलैची, च्याऊ, मौरी पालन, आलु खेतीमा जोड दिनुपर्ने ।
- आर्थिक पारदर्शिता कायम गर्ने ।
- पूँजीगत खर्च बृद्धि गर्ने ।
- प्राथमिकताक्रममा समावेश गरिने योजनाको सोही आ.व.भित्र कार्यान्वयन हुनु पर्ने । यथेष्ट बजेट विनियोजन गरिनु पर्ने ।
- योजना कार्यान्वयन चरणमा आउने प्रक्रियागत ढिलाइलाई अन्त्य गरिनु पर्ने ।
- सार्वजनिक खरिद ऐन अत्यन्त लामो र झन्झटिलो देखिन आएकोले समय सापेक्ष परिमार्जन गरिनु पर्ने ।
- नियमित अनुगमन र मूल्याङ्कन गनुपर्ने ।
- योजना छनौटदेखि कार्यान्वयन तहसम्म पारदर्शी भएमा आर्थिक अनियमितता कम हुने ।
- नीति नियम कार्यक्रम आदि कार्यान्वयन गर्ने निकाय स्वयंलाई भौतिक एवं प्रशासिक रुपमा सवलिकरण गरी पुननिर्माणमा विशेष ध्यान दिनुपर्ने ।
- भूकम्पका कारण मानसिक रुपमा पिडित प्रत्येक मानिसलाई मनोसामाजिक परामर्श गरी उनीहरुलाई योग्य बनाउने तथा प्रोत्साहन गरी कृषि, पशुपालन, जडिबुटी खेती लगायतका कार्यमा अग्रसरता लिन लगाई सिन्धुपाल्चोक जिल्ला लाई आत्मानिर्भर बनाउने ।
- जिल्ला स्थित सडक सञ्जालको स्तरोन्नती गर्ने ।

- सेवा प्रदायक क्षेत्रका सम्पूर्ण कार्यालय भवन नयाँ निर्माण हुनुपर्ने ।
- क्षतिग्रस्त सिंचाई आयोजनाहरुको भौतिक संरचनाहरु तत्काल पुनः निर्माण गर्नको लागि आवश्यक बजेट विनियोजन गरिनु पर्ने ।

निष्कर्ष तथा सुझाव :

पूर्व वजेट छलफल सम्बन्धी कार्यक्रम, अर्थ समितिले दोश्रो चरणमा सुनसरी ताप्लेजुङ्ग, सिन्धुपाल्चोक र दोलखा जिल्लामा सम्पन्न गरेको थियो । उक्त अर्न्तक्रिया एवं छलफल कार्यक्रममा समितिलाई प्राप्त भएका महत्वपूर्ण सुझावहरुलाई राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई आगामी योजनामा समावेश गर्ने तथा कार्यान्वयन गर्ने ।